# पहिचान ई- बुलेटिन

जनवरी- मार्च, २०२६

वर्ष ५ अंक १२




## भित्र

- स्थानीय योजना प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न
- अपाङ्गता भएका महिलाका अधिकार सम्बन्धि तालिम
- नेपाल अपाङ्ग महिला संघद्वारा चार जिल्लामा मतदाता शिक्षा नमूना मतदान सम्पन्न
- ACCESS परियोजनाको दोस्रो वर्षको कार्यक्रम सुरु
- अन्य




यदि तपाईमाथि हिंसा भइरहेको छ या अरु कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्पलाइनमा फोन गर्नुहोला ।

९८०१५७१२२५

"अपाङ्ता भएका महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सहयोग र सहजीकरण गरौं ।"

## नेपाल अपाङ्ग महिला संघद्वारा काठमाडौंमा वार्षिक सिकाइ कार्यशाला आयोजना




नेपाल अपाङ्ग महिला संघले CBM Nepalको सहयोग मा संचालन भएको, Action for Justice परियोजना अन्तर्गत २०२६ जनवरी ९ का दिन काठमाडौंमा वार्षिक सिकाइ कार्यशाला सम्पन्न गरेको गरिएको छ।

वार्षिक सिकाइ कार्यशालाको नेतृत्व रिता श्रेष्ठ भद्राले गर्नुभएको थियो। घरदैलो स्वयंसेवक, विद्यालय स्वास्थ्य नर्स तथा अन्य स्वयंसेवकहरूलाई आफ्ना उपलब्धि, चुनौतीहरू र आगामी कार्यदिशा तय तथा योजना निर्माण गर्न कार्यशालामा आमन्त्रण गरिएको थियो।

उक्त कार्यक्रम बुढानीलकण्ठ नगरपालिका उपमेयर अनिता लामाले कार्यक्रमको औपचारिक उद्घाटन गर्नुभएको थियो। उहाँले नेपाल अपाङ्गता महिला संघले अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर सुधार गर्न नगरपालिकासँग निरन्तर रूपमा सहकार्य गर्दै आएको बताउनुभयो। साथै, आगामी वर्षहरूमा पनि NDWA सँग समन्वय निरन्तर राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रम दुई खण्डमा विभाजित गरिएको थियो। पहिलो खण्डमा परियोजना संयोजक आयुष्का श्रेष्ठले वर्षभरिका उपलब्धि,  चुनौतीहरू, न्यूनीकरण उपायहरू तथा आगामी कार्ययोजनाबारे प्रस्तुति दिनुभयो। दोस्रो खण्ड परामर्शदाता रिता भद्रा श्रेष्ठद्वारा सहजीकरण गरिएको थियो, जहाँ सहभागीहरूलाई चार फरक-फरक समूहमा विभाजन गरी विषयगत सवालमा छलफल तथा प्रस्तुत गर्न लगाइएको थियो। संचालिकाले सबै सहभागीहरूका निष्कर्षहरू संकलन गर्दै सत्रको समापन गर्नुभयो।

CBM Global Nepal का पदाधिकारीहरू, रिता गौतम र राजेश मरासिनीले उक्त परियोजनाको घरदैलो परियोजना निकै प्रभावकारी रहेको र पालिकालाई कार्ययोजना बनाउन सहयोग गर्ने कुरा व्यक्त गर्नुभयो।

कार्यक्रमको समापन तारकेश्वर नगरपालिकाकी उपमेयर सिर्जना बुर्लाकोटीले गर्नुभएको थियो। उहाँले घरदैलोमा संलग्न सबै स्वयंसेवकहरूको प्रशंसा गर्नुभयो। साथै, अटिजम भएका बालबालिकाका लागि विद्यालय निर्माण गर्ने आफ्नो नयाँ योजनाबारे पनि जानकारी गराउनुभयो।

## नेपाल अपाङ्ग महिला संघले गऱ्यो आर्थिक न्याय, महिलावादी दृष्टीकोण, मानव अधिकार तथा अपाङ्गता अधिकारसम्बन्धी तालिम सञ्चाल

जनवरी १८–२१, २०२६ मा  संघले काठमाडौंस्थित होटल पेन्सन वासनामा आर्थिक न्याय, महिलावादी दृष्टीकोण, मानव अधिकार/अपाङ्गता अधिकार तथा लैङ्गिक हिंसा (GBV) सम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) सञ्चालन गरीएको थियो ।

तालिमको उद्देश्य महिलावादी सोच, मुल्यमान्यता तथा अपाङ्गता–समावेशी दृष्टिकोणबाट आर्थिक न्यायबारे ज्ञान, क्षमता  अभिवृद्धि गर्नु, नेतृत्व र अन्तरसम्बद्धता (intersectionality) को साझा वुझाइ गर्नु, साथै अपाङ्गता भएका महिला तथा बालिकामाथि हुने लैङ्गिक हिंसा रोकथाम, पहिचान, प्रतिकार्य र पैरवीका लागि अपाङ्गता भएका महिलाको क्षमता अभिवृद्धी गर्नु थियो।

काठमाडौं, काभ्रे र गोरखा का २३ जना तालिममा सहभागी थिए । तालिम मीना पौडेल र निर्मला धिताल द्वारा सहजीकरण गरिएको थियो। सत्रहरू सहभागितामूलक सिकाइ, समूह छलफल, अनुभव आदान–प्रदान तथा व्यवहारिक अभ्यासमार्फत सञ्चालन गरिएका थिए र पहुँचयोग्य तथा समावेशी सामग्री प्रयोग गरिएको थियो।

# नेपाल अपाङ्ग महिला संघद्वारा चार जिल्लामा मतदाता शिक्षा र नमूना मतदान सम्पन्न




काठमाडौँ, नेपाल – नेपाल अपाङ्ग महिला संघ (NDWA) ले महिला, कानुन र विकास मञ्च (FWLD) को सहयोगमा काठमाडौँ, चितवन, कञ्चनपुर र गोरखामा अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समुदायका लागि मतदाता शिक्षा सत्र र नमूना मतदान कार्यक्रम सफलतापूर्वक सञ्चालन गरेको छ। यी सत्रहरू बूढानीलकण्ठ, भरतपुर, रत्ननगर, कृष्णपुर र गोरखा नगरपालिकामा आयोजना गरिएको थियो।

चार जिल्ला र पाँच पालिकामा २६५ जना सहभागी, अपाङ्गता भएका व्यक्ति, उनीहरूका अभिभावक, हेरचाहकर्ता र पहिलो पटक मतदान गर्ने मतदाताले भाग लिएका थिए। कार्यक्रमको मुख्य उद्देश्य निर्वाचन प्रक्रियाको बुझाइमा सुधार गर्नु र आगामी प्रतिनिधि सभा (HoR) निर्वाचनमा सुसूचित र समावेशी सहभागिता प्रवर्द्धन गर्नु थियो। सहजकर्ताहरूले सहभागीहरूलाई प्रत्येक योग्य नेपाली नागरिकको स्वतन्त्र मतदान गर्ने संवैधानिक अधिकार र सीमान्तकृत समूह, विशेष गरी महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई मतदानमा निरुत्साहित गर्न सकिने जोखिमबारे जानकारी समते गराइएको थियो। यसै गरी अपाङ्गता भएका व्यक्तीहरुको लागी मतदान सम्बन्धीको कानुनी साथै विशेष व्यवस्थाको वारेमा समेत जानकारि दिइएको थियो।

सत्रको विशेष आकर्षण व्यावहारिक नमूना मतदान अभ्यास थियो। सहभागीहरूले मतपत्र पहिचान गर्ने, सही रूपमा छाप लगाउने, सुरक्षित रूपमा पट्याउने र मतपेटिकामा खसाल्ने प्रक्रियाबारे प्रत्यक्ष अभ्यास गराइएको थियो। जसले गर्दा र्भागीहरूलाई मतदान प्रक्रिया बुझ्न र आत्मविश्वास बढाउन मद्दत गऱ्यो। धेरै सहभागीहरूले पहिलोपटक यस्तो अपाङ्गता-केन्द्रित मतदान साक्षरता कार्यक्रममा भाग लिएको अनुभव आदान प्रदान वा सेयरीङ गरेका थिए। स्थानीय सरकारका प्रतिनिधिहरूले NDWA को समावेशी पहलको प्रशंसा गर्दै यस्तो कार्यक्रमले स्थानीय तहमा समावेशी लोकतान्त्रिक सहभागिता सुदृढ गर्ने विश्वास व्यक्त गरे। NDWA यी पहलमार्फत अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो मौलिक हक को मतदान अधिकार आत्मविश्वासका साथ प्रयोग गर्न सकून् भन्ने सुनिश्चित गर्दै आएको छ।

> “ सांकेतिक भाषामा दोभासेले मतदान प्रक्रिया व्याख्या गर्नुभयो र म अब आगामी निर्वाचनमा मतदान गर्न धेरै विश्वस्त छु।
>
> म धेरै वर्षदेखि मतदान गर्दै आएको छु तर निर्वाचनमा मत किन बदर हुन्छ भन्ने थाहा थिएन। अब म मेरो मत सही तरिकाले प्रयोग गर्नेछु। ”

# नेपाल अपाङ्ग महिला संघद्वारा मतदान केन्द्रहरूको पर्यवेक्षण: समावेशी सहभागिता प्रशंसनीय, पहुँच र सेवामा सुधार आवश्यक

नेपाल अपाङ्ग महिला संघ (NDWA) ले काठमाडौँ, गोरखा र कञ्चनपुर जिल्लाका केही मतदान केन्द्रहरूमा गरेको मतदान अगाडी र मतदान पछी पर्यवेक्षणले निर्वाचन प्रक्रिया समग्रमा शान्तिपूर्ण र आंशिक रूपमा समावेशी रहेको देखाएको छ। निर्वाचन अधिकृतहरू सहयोगी र उत्तरदायी हुनुका साथै सूचना प्रवाहमा समेत सक्रिय भएको पाइयो । जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूले उत्साहका साथ मतदानमा भाग लिएका थिए । दृष्टिविहीन, शारीरिक अपाङ्गता भएका, बहिरा तथा डाउन सिन्ड्रोम भएका मतदाताको सहभागिता सकारात्मक देखियो । कतिपय बहिरा मतदाताहरू स्वतन्त्र रूपमा मतदान गरेका थिए भने डाउन सिन्ड्रमको अवस्था भएका मतदाताहरू परिवारसँग आएका थिए। मतदान प्रक्रिया पारदर्शी र विश्वसनीय रहेको पाइएको छ, र खाली मतपेटिका देखाउने र मतदानपछि मुचुल्का उठाउने प्रक्रिया प्रभावकारी रूपमा लागू भएको थियो।

तर, भौतिक पहुँच र मतदान केन्द्र व्यवस्थापनका सन्दर्भमा चुनौतीहरू देखिएका छन् । काठमाडौँस्थित केही केन्द्रहरू साँघुरा र भीडभाडयुक्त हुँदा ह्विलचेयर प्रयोगकर्ताको लागि सहज पहुँच थिएन। कञ्चनपुरका केहीमा प्रवेश द्वार पहुँचयोग्य भए पनि निस्कने स्थान टाढा थियो। स्वास्थ्य सेवा, प्राथमिक उपचार सामग्री, स्वास्थ्यकर्मी र एम्बुलेन्स सुविधा अधिकांश केन्द्रमा अभाव रहेको पाइएको छ। बहिरा मतदाताका लागि साङ्केतिक भाषा दोभाषेको व्यवस्था कुनै पनि केन्द्रमा थिएन।

मतदाता शिक्षा र स्वतन्त्र मतदानमा पनि केही समस्या देखियो। कञ्चनपुरमा जेष्ठ नागरिक महिला आफ्नै इच्छा विपरीत परिवारका सदस्यले मतदान गरिदिएकोमा असन्तुष्टि व्यक्त गरेकी थिइन् । त्यस्तै, सोही जिल्लामा मत बदर हुने घटनाहरू देखिनु, प्रभावकारी मतदाता शिक्षाको आवश्यकता देखाउँछ। काठमाडौँमा मसीको गुणस्तर कमजोर हुँदा पुनः मतदान प्रयास भए पनि निर्वाचन टोलीले नियन्त्रणमा राख्यो।

सुरक्षा व्यवस्थाका हिसाबले निर्वाचन शान्तिपूर्ण सम्पन्न भयो, । यसैगरी १८० सुरक्षाकर्मीमध्ये करिब ३३% महिला सुरक्षाकर्मीको उपस्थिति सकारात्मक पक्ष रहेको छ। तर, मतगणना प्रक्रियामा महिला सहभागिता न्यून देखियो; १४ सदस्यीय टोलीमा केवल ४ जना महिलाहरू मात्र सहभागी थिए।

> “आगामी निर्वाचनहरू अझ समावेशी र व्यवस्थित बनाउन साँघुरा मतदान केन्द्र प्रयोग नगर्न, अपाङ्गता र जेष्ठ नागरिकको स्वतन्त्र मतदान सुनिश्चित गर्न, प्रत्येक केन्द्रमा प्राथमिक उपचार सुविधा राख्न, र बहिरा मतदाताका लागि साङ्केतिक भाषा व्यवस्था गर्न आवस्यक छ ।”







# माधेश प्रदेशमा प्रतिकार्य समूहको गठनको प्रथम चरण सम्पन्न




IGNITE परियोजना अन्तर्गत धनुषा जिल्लाका औरही, बटेश्वर, जनकपुरधाम र गणेशमान चारनाथ पालिका, महोत्तरीको जलेश्वर, तथा सिराहा जिल्लाका विष्णुपुर, सिराहा, मिर्चैया र नरहा पालिकाहरूमा मार्च महिनामा जम्मा ९ वटा महिला तथा बालिका विरुद्ध हुने हिंसा (VAWG) प्रतिकार्य समूहहरू गठन गरिएका थिए। ३ वटा जिल्लाका ९ वटा पालिकाहरूमा जम्मा ४५ जना प्रतिकार्य समूहका सदस्यहरू चयन भएका छन्। स्थानीय क्षेत्रबाट प्रतिनिधित्व, वकालतमा संलग्नता र शैक्षिक योग्यता समावेश गरिएका पूर्व-निर्धारित मापदण्डका आधारमा प्रतिकार्य समूहका सदस्यहरू चयन गरिएको हो। यस समूहको प्रमुख जिम्मेवारी आफ्नो कार्यक्षेत्रमा रहेका अपाङ्गता भएका महिला तथा बालिकाहरूको पहिचान गर्ने, आफ्नो समुदायमा लैङ्गिक हिंसा र यसको रोकथामका बारेमा सचेतना फैलाउने, पहिचान भएका प्रभावितहरूलाई आवश्यक सेवाहरूमा प्रेषण (रिफर) गर्ने र आफ्नो समुदायमा रहेका हानिकारक अभ्यास तथा मुल्य मान्यताहरूलाई चुनौती दिने हुनेछ।

यसैगरी पालिकास्तरमा एक दिने अभिमुखीकरण सञ्चालन गरिएको थियो, जहाँ प्रतिकार्य समूहका सदस्यहरूलाई उनीहरूका आवश्यकता र जिम्मेवारीहरूबारे अभिमुखीकरण गरिएको थियो। सबै समूहहरू आफ्नो समुदायमा काम गर्न र परिवर्तन ल्याउन उत्सुक थिए। अर्को चरणमा यी प्रतिकार्य समूहहरूका लागि जिल्ला स्तरमा दुई दिने तालिम सञ्चालन गरिनेछ।

## ACCESS परियोजनाको दोस्रो वर्षको कार्यक्रम सुरु

ACCESS परियोजनाको दोस्रो चरण २०२६मा सुरु भएको छ ।यस वर्ष परियोजनाको कार्यक्षेत्र अन्तर्गत सुदुरपश्चिमको बाजुरा, अछाम, कंचनपुर, कर्णाली प्रदेशको सल्यान, जाजरकोट र मधेश प्रदेशको पर्सा र रौतहट जिल्लाहरु छनौट भएका छन् । उक्त जिल्लाहरुमा नागरिक समाज संस्थाहरुको छनौटको लागि आहवान गरिएको छ । छनौट पश्चात् उक्त संस्थाहरुले नेपाल अपाङ्ग महिला संघसंग साझेदारी गर्दै समावेशी शिक्षामा काम गर्नेछन् ।

# गोर्खा जिल्लामा सरकारी निकायहरूसँग वकालत

गोरखा नगरपालिकामा जनवरी महिनामा सञ्चालन गरिएको वकालत बैठकहरूको श्रृंखलाले अपाङ्गता भएका महिलाहरूका लागि न्यायमा पहुँच र समावेशी सेवा सुधारतर्फ महत्वपूर्ण पहल गरेको छ। नेपाल अपाङ्ग महिला संघ गोरखाले Access to Justice Phase II कार्यक्रम अन्तर्गत विभिन्न सरकारी निकायहरूसँग सहकार्य गर्दै यी बैठकहरू आयोजना गरेको हो।

अपाङ्गता भएका महिलाहरूले प्रायः हिंसा, विभेद, कानुनी प्रक्रियाबारे जानकारीको अभाव, तथा अपाङ्गता मैत्री पूर्वाधारको कमी जस्ता समस्याहरू भोग्दै आएका छन्। यी चुनौतीहरूलाई सम्बोधन गर्न जनवरी ९ देखि २७ सम्म न्यायिक समिति, सामाजिक विकास शाखा, एकीकृत सेवा कार्यालय, OCMC, सरकारी वकिलको कार्यालय र जिल्ला समन्वय समितिसँग वकालत बैठकहरू सम्पन्न गरिएका थिए।

बैठकहरूमा अपाङ्गता भएका महिला सम्बन्धी मुद्दाहरूलाई प्राथमिकता दिने, वर्गीकृत तथ्याङ्क राख्ने, अपाङ्गता मैत्री सेवा तथा पूर्वाधार विस्तार गर्ने, डिजिटल अपाङ्गता परिचयपत्र लागू गर्ने, र नेपाल अपाङ्ग महिला संघसँग समन्वय सुदृढ गर्ने विषयमा सहमति भएको छ। साथै, अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सबै कार्यक्रमहरूमा सुनिश्चित गर्ने, आवश्यक सहायक सामग्री उपलब्ध गराउने, र कानुनी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरिएको छ।

जिल्ला समन्वय समितिले अपाङ्गतासम्बन्धी कार्यक्रमका लागि निःशुल्क हल उपलब्ध गराउने तथा नेपाल अपाङ्ग महिला संघ गोरखालाई कार्यालय कक्ष उपलब्ध गराउने सम्भावनाबारे पहल गर्ने प्रतिबद्धता जनाएको छ।

यस पहलले अपाङ्गता भएका महिलाहरूका लागि छिटो, सहज र पहुँचयोग्य न्याय सेवा सुनिश्चित गर्दै समावेशी शासन र सशक्त सहभागिताको आधार तयार गर्ने अपेक्षा गरिएको छ।









# सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र मधेश प्रदेशमा ACCESS परियोजना सरोकारवालाको पहिचान र नक्शांकन सम्पन्न



सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश र मधेश प्रदेशमा स्थानीय तहहरूले Local Education Plan (LEP) मार्फत शिक्षा योजना निर्माण र School Education Sector Plan (SESP) सँग समायोजन गर्ने प्रतिबद्धता देखाएका छन्, तर सीमित बजेट, जनशक्ति अभाव र कमजोर प्राविधिक क्षमताका कारण कार्यान्वयन असमान रहेको छ। समावेशी शिक्षा मुख्यतः नीतिमा सीमित रहेको छ र व्यवहारमा प्रभावकारी रूपमा लागू हुन सकेको छैन।

अपाङ्गता पहिचान (स्क्रिनिङ), सहायक सामग्री, शिक्षक तालिम, र विद्यालय बाहिर रहेका बालबालिकालाई भर्ना गर्ने लक्षित प्रयासमा ठूला खाडलहरू देखिन्छन्। विद्यालयस्तरका संरचनाहरू (School Implementation Plan, School Management Committee, Parent Teacher Association, Complain Referal Mechanism, GIEN) प्रायः औपचारिकतामा मात्र सिमित छन्, लैङ्गिक समानता, अपाङ्गता समावेशी र सामाजिक समावेशीकरण कमजोर छ र समुदायको सहभागिता न्युन छ।`

अनुगमन मुख्यतः दिवा खाजा र छात्रवृत्तिमा केन्द्रित छ, जबकि शिक्षा गुणस्तर र समावेशीता पक्ष कम प्राथमिकतामा परेको छ। नागरिक समाजसँगको समन्वय प्रायः अस्थायी (ad hoc) रहेकोले प्राविधिक र वकालत सहयोग सीमित छ।

समग्रमा, तीनै प्रदेशमा नीतिगत प्रतिबद्धता देखिए पनि समान र समावेशी शिक्षा सुनिश्चित गर्न संस्थागत क्षमता सुदृढीकरण, लक्षित समावेशी रणनीति र व्यवस्थित समन्वय आवश्यक छ।

# अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रजनन स्वास्थ्य अधिकार र पहुँच




FWLD नेपालले Ipas नेपाल र NDWA सँगको सहकार्यमा २०२६ मार्च १६- १७ मा काठमाडौँमा अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रजनन स्वास्थ्य अधिकार र पहुँच सम्बन्धी दुई दिने अन्तरक्रियात्मक छलफल कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रमको उद्देश्य विभिन्न जिल्लाका अपाङ्गता भएका महिला अधिकारकर्मीलाई स्वास्थ्य अधिकार, कानुनी संरचना तथा अपाङ्गतामैत्री प्रजनन स्वास्थ्य सेवा सम्बन्धी क्षमता अभिवृद्धि गर्नु थियो।

कार्यक्रममा SRHR का अवयव, कानुनी प्रावधान, जलवायु र अपाङ्गता न्याय, तथा अपाङ्गतामैत्री सेवासम्बन्धी विषयमा छलफल भयो। मीना पौडेलले अपाङ्गतामैत्री प्रजनन् स्वास्थ तथा सुरक्षित मातृत्व सेवा सम्बन्धि निर्देशिका,२०७९, समाजको अपाङ्गता भएका महिला यौनिकता प्रति आम गलत धारणा सम्बन्धी छलफल गर्दै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवामा समान पहुँचको महत्त्वमा जोड दिनुभयो।

अन्त्यमा सहभागीहरूले अपाङ्गतामैत्री प्रजनन स्वास्थ्य सेवा र सुरक्षित गर्भपतनका लागि वकालत गर्न आफूहरू थप सक्षम भएको बताए।

# वित्तीय समावेशितामा अवरोध तोड्दैः रत्ननगरमा स्थानीय OPDs को स्वामित्वको यात्रा



रत्ननगर नगरपालिकामा अपाङ्गता भएका व्यक्तिहरू विगत लामो समयदेखी बैंकिङ सेवामा विभिन्न अवरोधका कारण जस्तै भौतिक र व्यवहारजन्य अवरोधका कारण प्रभावकारी रूपमा सेवा उपभोग गर्नबाट बहिष्कृत थिए । लामो लाइन, पहुँचयोग्य पूर्वाधारको अभाव र बैंक कर्मचारीको अपर्याप्त जागरूकता एवं ज्ञानको अभावका कारण अपाङ्गता भएका व्यक्तीहरुलाइ औपचारिक अर्थतन्त्रबाट अलग पारिरहेको थियो। अप्रिल २०२५ मा FAIDA परियोजनाअन्तर्गत नेपाल अपाङ्ग महिला संघले वित्तीय साक्षरता र अधिकार-आधारित पैरवीमा दुई दिने तालिम सञ्चालन गऱ्यो। यसले स्थानीय अपाङ्गता भएका व्यक्तिहरुको संस्था र स्वावलम्बी समूहका सदस्यहरूलाई वित्तीय ज्ञान मात्र होइन, आफ्ना अधिकारको लागि आवाज उठाउने आत्मविश्वास पनि प्रदान गऱ्यो।

तालिमपछि, रत्ननगर नगरपालिका अपाङ्गता समन्वय समितिले आफ्नैसमुदायमा आधारित पुनस्थापना कार्यक्रम अन्तर्गत जनवरी २०२६ मा १४ वटा बैंकमा पैरवी अभियान सञ्चालन गऱ्यो। अभियानमा बैंक प्रबन्धकहरूसँग भेट गरी अपाङ्गता मैत्री पूर्वाधार र समावेशी सेवाको माग गर्दै औपचारिक ध्यानाकर्षण पत्र बुझाइयो र "प्राथमिकता सेवा" स्टिकर टाँसियो। यस पहलले १० वटा बैंकमा तत्काल सुधार ल्यायो, बैंक कर्मचारी र सेवाग्राहीहरूको व्यवहारमा परिवर्तन ल्यायो र अपाङ्गता भएका व्यक्तिहरूको आत्मविश्वास र वित्तीय पहुँचमा वृद्धि गर्यो।
यो प्रयासले देखाएको छ कि जब स्थानीय अपाङ्गता भएका व्यक्तिहरुको संस्था सशक्त हुन्छन्, उनीहरूले आफ्नो समुदायका लागि दिगो परिवर्तन गर्न सक्दछन्। रत्ननगरमा वित्तीय समावेशिताको यो पहल केवल परियोजना कार्यान्वयन मात्र नभएर स्थानीय अधिकार र न्यायको लागि दिगो आन्दोलनको सुरुवात पनि साबित भएको छ।









# बारपाक सुलिकोटमा अपाङ्गता भएका महिलाहरूका लागि तीन दिने पशुपालन तालिम सम्पन्न






बारपाक सुलिकोट गाउँपालिकामा मार्च २९ देखि ३१ गतेसम्म अपाङ्गता भएका महिलाहरूका लागि तीन दिने पशुपालन तालिम सफलतापूर्वक सञ्चालन भयो। आर्थिक सशक्तिकरणका लागि आयोजित तालिममा बाख्रापालनसम्बन्धी व्यावहारिक सीप विकासमा ध्यान केन्द्रित गरिएको थियो। नेपाल अपाङ्ग महिला संघ (NDWA) र स्थानीय गाउँपालिकाको सहकार्यमा कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा विभिन्न शारीरिक, मानसिक, श्रवण र बौद्धिक अपाङ्गता भएका १६ महिला सहभागी भएका थिए। सहभागीहरूलाई गाउँपालिकाका विभिन्न वडाबाट पारिवारिक स्थिति र आर्थिक स्तरका आधारमा छनौट गरिएको थियो। तालिमका लागि जीविकोपार्जनको विकल्पको रूपमा बाख्रापालन चयन गरिएको थियो।

तालिमको उद्घाटन सत्र NDWA का फोकल पर्सनले गरेका थिए भने गाउँपालिकाका उप–अध्यक्षले सम्बोधन गरेका थिए ।

तालिमको पहिलो दिनमा पशु स्वास्थ्य, बाख्रागृह व्यवस्थापन र आधारभूत ज्ञान समेटिएको थियो। दोश्रो दिनमा प्रशिक्षकले मुख्य रोग, उपचार, जात परिचय, प्रजनन व्यवस्थापन र रोकथामका उपायहरू भिडियो प्रदर्शनसहित प्रस्तुत गरे। तेस्रो दिनमा प्रशिक्षण हल बाहिर व्यावहारिक रूपमा मल परीक्षण गरेर रोग पहिचान गर्ने तरिका सिकाइयो। सहभागीहरूका लागि रमाइलो खेल समेत आयोजना गरियो। पशु पोषण र आहारसम्बन्धी विस्तृत जानकारी दिइयो। प्रशिक्षकले स्वस्थ पशु र स्वस्थ मानव जीवनको सम्बन्धबारे विशेष ध्यान दिएका थिए।

कार्यक्रमको अन्त्य स्थानीय नेपाल अपाङ्ग महिला सङ्घ गोर्खा का अध्यक्ष गीता माया श्रेष्ठको नेतृत्वमा समापन सत्रमार्फत सम्पन्न भयो। तालिमको अन्त्यमा तालिमको सदुपयोग एवं आय आर्जनका शुरुवात गर्नका लागी सहभागीहरूलाई पालिका प्रमुख प्रशासकिय अधिकृतबाट नगद बीउपुँजी वितरण गरिएको थियो। सहभागीहरूले आफ्नो अनुभव साटासाट गर्दै प्रशिक्षणको महत्वमा खुसी व्यक्त गरे।

गाउँपालिकाका प्रतिनिधिहरूले बीउपुँजी सदुपयोग गरी आर्थिक स्तर वृद्धि गर्न सुझाव दिएका छन्। साथै भविष्यमा अपाङ्गता भएका महिला र व्यक्तिका लागि अन्य कार्यक्रम सञ्चालन गर्ने र छात्रवृत्ति प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

**तालिमका मुख्य उपलब्धिहरू:**

- सहभागीहरूले बाख्रापालनसम्बन्धी गहिरो ज्ञान हासिल गरे।
- पशु स्वास्थ्यसम्बन्धी समस्या समाधान गर्ने तरिका सिके।
- छोटो भाषण प्रस्तुत गर्ने क्षमता विकास भयो।
- बीउपुँजी वितरणले आत्मनिर्भरता र उत्साह बढायो।
- सरकारी निकायहरूले अपाङ्गता भएका महिलाप्रति जिम्मेवारीबोध गरे।
- यस तालिमले बारपाक सुलिकोटमा अपाङ्गता भएका महिलाहरूको आर्थिक सशक्तिकरण र समावेशी जीविकोपार्जनको दिशामा महत्वपूर्ण कदम चालेको छ।

## केन्द्रीय कार्यालय

नेपाल अपाङ्ग महिला संघ
कालोपुल, काठमाडौँ, नेपाल

**फोन**
०१-४५३५१३१

**ईमेल**
ndwa.2009@gmail.com,
info@ndwa,org.np

## प्रादेशिक कार्यालय

नेपाल अपाङ्ग महिला संघ
कञ्चनपुर, सुदुरपश्चिम प्रदेश

**फोन**
९८४८७१५५६१

नेपाल अपाङ्ग महिला संघ
मोरङ, कोशी प्रदेश

**फोन**
९८५२०५७०११

यदि तपाईँमाथि हिंसा भइरहेको छ या अरू कोही हिंसाको जोखिममा रहेको थाहा पाउनुभएको छ भने हेल्प लाइनमा फोन गर्नुहोला।

९८०१५७१२२५

"अपाङ्गता भएका महिला तथा बालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सहयोग र सहजीकरण गरौँ।"